तिमीहरूले विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ, र तिमीहरूले एकअर्काप्रति प्रेम नगरेसम्म विश्वास गर्न सक्दैनौ। के म तिमीहरूलाई यस्तो कुरामा मार्गदर्शन गरूँ, जसलाई यदि तिमीहरूले गरे, तिमीहरू एकअर्कासँग प्रेम गर्नेछौ? एकअर्कामा सलाम खुब फैलाउनु ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूले विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ, र
तिमीहरूले एकअर्काप्रति प्रेम नगरेसम्म विश्वास गर्न सक्दैनौ। के म तिमीहरूलाई
यस्तो कुरामा मार्गदर्शन गरूँ, जसलाई यदि तिमीहरूले गरे, तिमीहरू एकअर्कासँग प्रेम गर्नेछौ? एकअर्कामा सलाम खुब फैलाउनु ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, आस्थावानहरू मात्र स्वर्गमा प्रवेश गर्नेछन् र एकअर्कालाई माया नगरुन्जेल नत आस्था पूर्ण हुन्छ नत मुस्लिम समाजको अवस्था सुध्रिन्छ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रेम प्रबल र प्रगाढ हुने सबै भन्दा राम्रो कुराको मार्गदर्शन गर्नुभयो, त्यो हो मुस्लिमहरू बीच सलाम फैलाउनु, जसलाई अल्लाहले आफ्ना दासहरूका लागि अभिवादन बनाउनुभएको हो ।

https://sunnah.global/hadeeth/ne/show/3361